त

## सेमिनारको लागि फरमेट

### प्रारम्भिक खण्ड

- **कभर पेज–** कभर पेजमा शुरुमा विषय शीर्षक लेख्ने ।बिचमा शिक्षाशास्त्र संकाय शैक्षिक योजना तथा व्यवस्थापन विषय स्नाकोत्तर तह(एम.एड) चौथो सेमेस्टर (Ed 541) को आशिंक आवस्यकता पुरा गर्नका लागि प्रस्तुत सेमिनार लेख्ने ।अन्त्यमा विध्यार्थीको नाम क्याम्पस दर्ता नं,परीक्षा रो.नं,त्रि.वि. दर्ता नं र क्याम्पसको नाम लेख्ने ।
- **स्विकृतीपत्र–**क्याम्पसको लेटरप्याडमा फलाना विध्यार्थी यो विषयको सेमिनार मेरो प्रत्यक्ष निर्देशनमा तयार पारेको कुरा उल्लेख गर्ने ।
- **कृतज्ञताज्ञापन–**यो सेमिनार तयार पार्नका लागि सहयोग गर्ने प्रति कृतज्ञता प्रकट गर्ने ।
- **सार–** सेमिनारको सार संक्षेपमा लेख्ने ।सार लेख्दा कुन विषय शीर्षकमा के कस्तो उद्देश्य राखी र के कस्तो विधिको प्रयोग गरेर के कस्तो कुरा पत्ता लाग्यो र यसको उपयोगिता तथा सुझावहरु समेत उल्लेख गर्ने।
- **विषयसूची–**विषयसूची उल्लेख गर्ने ।

त

## मुख्य खण्ड

- **अध्ययनको पृष्ठभूमी** **Context** सामान्यतया सेमिनारको प्रारम्भमा अध्ययनको पृष्ठभूमी लेख्नु पर्दछ। पृष्ठभूमि अन्तर्गत सम्बन्धित विषयवस्तुको सन्दर्भसँग मेल खाने किसमका तथ्यहरुलाई समावेश गर्नुपर्दछ ।पृष्ठभूमिमा यससँग सम्बन्धित बिभिन्न पक्षहरु जस्तै सेमिनारका लागि छानिएको विषय तथा यसको सरोकार राख्ने क्षेत्रको व्यापक दृष्टिकोण, अध्ययनसँग सम्बन्धित मूख्य मुद्दाहरु, दार्शनिक तथा समाजशास्त्रीय आधारहरु, सैद्धान्तिक , व्यवहारिक पक्षहरु र नीतिगत पक्ष उल्लेख गर्नु पर्दछ ।यसमा विषयवस्तुको परिचय,ऐतिहासिक कुरा र समस्या आदि उल्लेख गर्ने ।
- **अध्ययनको उद्देश्य** **Objectives of the study** सेमिनार पेपरको केन्द्रविन्दु भनेको यसको उद्देश्य हो। समस्यामा उल्लेख गरिएका कथनहरुको तथ्यको प्राप्तिका लागि विशिष्ट तथा स्पस्ट रुपमा उल्लेख गरिएका कथन वा वाक्यलाई सेमिनारको उद्देश्य भनिन्छ ।सेमिनारका उद्देश्यलाई साधारण तथा विशिष्ट गरी दुई किसमबाट उल्लेख गर्न सकिए तापनि विशिष्ट स्वरुपमा लेख्ने चलन

बढी चलेको छ।प्रत्येक उद्देश्य लेखनमा क्रियाशील क्रियापदAction verbs प्रयोग गरिएको हुनुपर्छ ।उद्देश्यले अध्ययनका अलग अलग पक्षलाई नदोहोरिने गरी समेटेको हुनुपर्दछ।उद्देश्य वुँदागत रुपमा लेख्नु पर्दछ ।

- **अध्ययनको औचित्यता (Rationale of the study )**सेमिनार पेपरमा अध्ययन तथा अनुसन्धान गर्नु पर्नाको कारण स्पस्ट पार्नुलाई यसको औचित्य भनिन्छ ।ज्ञानको कुनै पक्षमा रिक्तता छ त्यसको पूर्णताको लागि यो अध्ययन गर्नु परेको हो भन्ने कुरा अध्ययनको औचित्यमा खुल्नु पर्दछ ।यसलाई अध्ययनको महत्व पनि भनिन्छ।यस अध्ययनले के कस्तो ज्ञानको रिक्ततालाई पुरा गर्दछ वा भइरहेको ज्ञानमा के कस्तो विकास गर्दछ र प्राप्त नयाँ ज्ञानले सरोकारवालालाई आफ्नो कार्य क्षेत्रको अभ्यासलाई सुधार गर्न के कस्तो सहयोग पुर्याकउँदछ भन्ने कुरालाई स्पस्ट पार्नुपर्दछ ।
- **अध्ययन विधि ( Methodology)** सेमिनार प्रतिवेदनमा अनुसन्धान विधि सम्वन्धि विभिन्न पक्षलाई व्यवस्थित किसमबाट राख्ने गरिन्छ । विधिमाअनुसन्धानको ढाँचा कुन स्वरुपको हो भन्ने कुरालाई अनुसन्धानकर्ताले खुलाउनु

पर्दछ।सामान्यतया परिमाणात्मक,गुणात्मक,मिश्रित ,प्रायोगिक,एतिहासिक,विवरणात्मक वा सर्भे कुन ढाँचालाई आफ्नो अनुसन्धानमा समावेश गरियो भन्ने कुरा स्पस्ट रुपमा वताउनु पर्दछ। त्यस्तै अनुसन्धानकर्ताले जनसङ्ख्याको हुन् र नमुनाको आकार के कस्तो हो भन्ने कुरालाई स्पस्ट रुपमा उल्लेख गर्नु पर्दछ।अनुसन्धानकर्ताले नमुना छनौट कसरी गरियो र जनसङ्ख्याको प्रतिनिधित्व गर्ने गरी कस्तो नमुना छनौट गरियो भन्ने कुरालाई अध्यताले आफ्नो सेमिनारमा उल्लेख गर्नु पर्दछ ।नमुना छनौट गर्दा सम्भावनायुक्त वा सम्भावना रहित नमुना छनौट कुन प्रक्रिया अपनाइयो उल्लेख गर्नु पर्दछ ।अनुसन्धानकर्ताले आफ्नो सेमिनारमा तथ्याङ्क संकलनका साधनहरु उल्लेख गर्नु पर्दछ। तथ्याङ्क संकलन गर्न प्रश्नावली , अन्तरवार्ता, अवलोकन ,रुजुसूची वा अभिवृती स्केल ,आदि के कस्तो साधनहरु प्रयोग गरियो भन्ने कुरा स्पस्ट उल्लेख गर्नु पर्दछ।तथ्याङ्क संकलनका साधनहरु विश्वासनीय वा वैध हुन् वा होइनन्  खुलाउनु पर्दछ ।

त

- **परिसीमा (Limitition)**आफ्नो अध्ययन कुन स्थानमा गरियो र कुन जनसंख्यामा गरियो कुन विषयमा मात्र सिमित छ उल्लेख गर्नु पर्दछ ।परिसीमाले अध्ययनले समेटने परिधि वा क्षेत्रलाई बताउँछ ।

- **दस्तावेज पुनरावलोकन (Literature review)**यस खण्डमा आफ्ना अध्ययनसँग सम्बन्धित सैद्धान्तिक र नेपाल सरकारका नीतिगत व्यवस्था के के छन् उल्लेख गर्नु पर्दछ साथै आफ्नो अध्ययनसँग सम्बन्धित लेख, रचना,पुस्तक,शोधपत्र, वेवपेजमा के कस्ता कुराहरु छन् उल्लेख गर्नु पर्छ ।साहित्य वा दस्तावेजको पुनरावलोकन गर्दा उद्देश्य तथा विषयवस्तुसँग सान्दर्भिक हुनु पर्दछ ।

  यी माथिका कुराहरु ५०० देखि ७०० शब्दसम्म लेख्नु पर्दछ ।

- प्राप्ति**Finding**

आफुले गरेको अध्ययन अनुसन्धानबाट के कुराहरु पाइयो बिभिन्न शीर्षकहरु राखेर उद्देश्य अनुसार मिलाएर लेख्ने। प्राप्ति

लेख्दा आफुले अध्ययन गरेका साहित्यहरुसँग सन्दर्भ जोडेर मिलाएर लेख्दा राम्रो हुन्छ ।

यी कुराहरु २००० देखि ३००० शब्दमा लेख्ने

- **निष्कर्ष** –आफूले  के के गरियो सो को आधारमा के पाइयो । आफुले गरेको अनुसन्धानको आधारमा कोही कसैलाई सुझाब के छ  आदि उल्लेख गरी छोटोमा निष्कर्ष लेख्ने ।

यी कुराहरु ५०० देखि ६०० शब्दमा लेख्ने।

- **अनुसूची–**
- **सन्दर्भ सामाग्री References**–APA Model मा लेख्ने